" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर
१ नं. प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प. सं. :- २०७८/०७९ मिति:- २०७८।०९।२८
च. नं. :-

## मध्यम प्रविधियुक्त वहुउद्देश्यीय फलफुल नर्सरी स्थापना कार्यक्रम संचालन सम्बन्धी सूचना।

यस मध्यम प्रविधीयुक्त वहुउद्देश्यीय फलफुल नर्सरी स्थापना कार्यक्रमको आ.व. २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार ५०% अनुदान रकम उपलव्ध गराउने कार्यक्रम रहेको हुदाँ साझेदारीमा यस गाउँपालिकाको कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समुह/कृषि सहकारी संस्था/उधमी कृषकबाट प्रस्ताव आव्हानको लागी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र अर्थात मिति २०७८/१०/१३ गते भित्र यस कार्यालयमा तपशिल अनुसारको कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीको लागी हिलिहाङ गाउँपालिकाको वेवसाइट **www.hilihangmun.gov.np** वा फोन नं. **९८१५०२७०२८, ९८४२५३३००५** मा सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | विवरण | मापदण्ड |
|---|---|---|
| १ | यस कार्यक्रम अन्तर्गत मुख्य उत्पादन | फलफुल विरुवा हुनुपर्ने छ। |
| २ | विरुवा उत्पादनका लागी भौगोलिक तथा हावापानी | समुन्द्री सतहबाट १००० मि. भन्दा माथि हुनुपर्दछ। |
| ३ | नर्सरी स्थापना लागी जग्गाको क्षेत्रफल | कम्तिमा २ रोपनी हुनुपर्नेछ। |
| ४ | जग्गा करारमा लिई नर्सरी स्थापना गर्न | कम्तिमा पनि १० वर्षका लागि करार सम्झौता गरेको हुनुपर्नेछ |
| ५ | नया स्थापित नर्सरीमा वार्षिक रुपमा | कम्तिमा १०००० गुणस्तरिय फलफुल विरुवा उत्पादन क्षमता भएको र ग्रिन हाउस निर्माण/ग्लास हाउस/सेट हाउस/एग्रिनेट निर्माण गर्नुपर्नेछ। |
| ६ | नर्सरी स्थापना गर्ने स्थानमा | पानी, विजुली, कामदार तथा सञ्चारको सुविधा भएको हुनुपर्नेछ। |
| ७ | नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन सम्वन्धी | तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ। |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२. कृषि व्यवसाय गर्ने अनुसुची अनुसारको प्रस्ताव(व्यवसायिक उत्पादनको हकमा)
३. निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए गाउँपालिकाको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हक भोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. प्रतिवद्दता पत्र
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

विमला वाग्ले
नायव प्राविधिक सहायक

------------------
प्रमुख प्रशासकीय अधिकृत
ज्ञानप्रसाद तिम्सिना

अनुसूची -२
(परिच्छेद २ को दफा ८(ख) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

श्रीमान् ........................... ज्यु
................ कार्यालय
................ स्थानीय तह/ प्रदेश

महोदय
तहाँ कार्यालयबाट मिति...........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**
अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/ प्रदेशः
वडा नः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं
मितिः
संस्थाको छाप